# नेपाल दूरसञ्चार प्राधिकरण

श्री भेषराज कणेल अध्यक्ष
श्री तुलसी भट्ट सदस्य
श्री गिरिन्द्रराज अधिकारी सदस्य
श्री महेश प्रसाद अधिकारी सदस्य
श्री अनिल ढुङ्गेल सदस्य
बाट भएको निर्णय ।

निवेदन दर्ता मितिः २०६८।०२।२३

**विषयः VOIP Call Bypass गरेकोले कारवाही एवं जरीवाना ।**

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ११ भद्रकाली प्लाजा स्थित नेपाल दूरसञ्चार कम्पनी लि.___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ ______ ___ ___ ___ ___ ___ ___१

**विरुद्ध**

ललितपुर उप-महानगरपालिका वडा नं.३, पुल्चोक, ललितपुर स्थित ग्लोवल इन्टरनेट सर्भिस प्रा.लि._ _१
ऐ.ऐ.का सञ्चालक भोला किशोर डंगोल ___ ____ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ ___ १

१. दुरसंचार ऐन, २०५३ को दफा १७ बमोजिम दिन ग्लोबल इन्टरनेट सर्भिस प्रा.लि. (GISPL) को सेवा सम्बन्धमा नेपाल दुरसंचार प्राधिकरणबाट मिति २०६८/२/२२ मा निरीक्षण गरी र उक्त स्थानमा रहेको शंकास्पद Server हरु समेत बरामद गरिएको भन्ने प्रतिबेदन र नेपाल दूरसंचार कम्पनि लिमिटेडले ग्लोबल इन्टरनेट सर्भिस प्रा. लि. का संचालक भोला किसोर डंगोल समेतले अबैध Voice Over Internet Protocol (VOIP) Call Bypass गरेकोले दूरसंचार ऐन, २०५३ बमोजिम नेपाल सरकार तथा नेपाल दुरसंचार कम्पनि लिमिटेडलाई पुर्याएको हानी नोक्सानीको बिगो तथा बिगोबमोजिमको जरिवाना समेत भराई हदै सम्मको कानुनी कारबाहीको लागि मिति २०६८/२/२३ को च. नं. १३२५ मा गरेको निबेदन एवं कारबाहीको संक्षिप्त तथ्य र निर्णय यस प्रकार रहेको छ:

**संक्षिप्त तथ्य:**

२. मिति २०६८/२/२४ को च. नं. ४०१५ को महानगरीय प्रहरी परिसरको पत्र बमोजिम ८ थान शंकास्पद Sever Machine हरु अनुसन्धानको लागि प्राधिकरणमा प्राप्त भएको | उक्त Server हरुको प्राधिकरणले नेपाल दूरसंचार कम्पनि लिमिटेड, Internet Service Provider Association of Nepal (ISPAN) र नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्युरो Crime Investigation Buro (CIB) समेतका प्रतिनिधिहरुको सहभागितामा अध्ययन अनुसन्धान गराई प्राप्त भएको प्राबिधिक प्रतिबेदन अनुसार ३ वोटा सर्भर मेसिनहरु PC: 97.70, PC: 98.254, PC: 97.80 बाट क्रमश ४४,३९,२५१ र २,७८,६१७ र

४०,५८,१५० मिनेट Call Termination गरेको देखिन्छ र बाँकि ५ वोटा सर्वरहरुबाट कति मिनेट Call Termination गरेको भन्ने कुरा पूर्णरुपमा खुल्न नसकेको |

३. नेपाल दूरसंचार कम्पनि लिमिटेडलाई मिति २०६८/३/१, मिति २०६८/३/२० र मिति २०६८/३/२७ का पत्रहरु मार्फत पटक पटक उक्त VOIP Call Bypass कार्यबाट के कति हानी नोक्सानी पुग्न गएको छ उक्त हानी नोक्सानीको बिगो खुलाई पठाउन हुन भनि पत्राचार गरिएकोमा उक्त कार्यबाट दूरसंचार सेवा प्रदायकहरुलाई रु. ९३,२५,१२,०००/- र सो को २५ प्रतिशतले हुने रकम रु. २३,३१,२८,०००/- नेपाल सरकारलाई हानी भएको भनि मिति २०६८/४/१, च. नं. ४८ मा जवाफ पठाएको |

४. मिति २०६८/३/१ र मिति २०६८/३/२० मा प्राधिकरणबाट महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरलाई मिति २०६८/२/२२ गते उक्त परिसरको संयोजकत्वमा ग्लोबल इन्टरनेट सर्भिस प्रा. लि. मा छापा मार्दा तयार पारिएको मुचुल्का तथा अन्य बिबरणहरु उपलब्ध गराई दिनुहुन पत्राचार गरिएकोमा केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) बाट आबस्यक कारबाहीको लागि मुचुल्काको छायाँ कपि तथा प्राबिधिक प्रतिबेदन मिति २०६८/३/२२ मा प्राप्त भई मिसिल संलग्न रहेको |

५. प्राधिकरणबाट मिति २०६८/४/४ मा उक्त Call Bypass बाट दूरसंचार सेवा प्रदायकलाई पुग्न गएको हानी नोक्सानीको बिगो निर्धारण गर्न कार्यटोली गठन गरिएकोमा उक्त कार्यटोलीबाट प्राप्त मिति २०६८/४/१० को प्रतिबेदन अनुसार ८७,०२,५०७ मिनेट कल टर्मिनेसन गरि जम्मा रु. ६,९६,२०,०५६ को कल बाईपास गरेको बिगो कायम गर्नुपर्ने राय प्राप्त भएको देखिन्छ ।

६. प्राधिकरणबाट गरिएको प्रारम्भिक अनुसन्धानमा GISPL को अन्तरास्ट्रिय कल बाईपासमा प्रत्यक्ष्य संलग्नता देखिन आएकोले Access Point तथा Hotspot हरु २४ घण्टा भित्र बन्द गर्न, प्रत्येक IP को Traffic Flow प्राधिकरणबाट प्रत्यक्ष Monitoring गर्ने व्यवस्था मिलाउन, ग्राहकको अभिलेख तथा ग्राहकसंग गरिएको सम्झौता पेश गर्न GISPL लाई मिति २०६८/४/१२, च. नं. १९० मा पत्राचार गरिएको र पुन: प्राधिकरणबाट दूरसंचार ऐन, २०५३ को दफा ४७ को उपदफा (१), (२) बिपरित कार्य गरी ऐनको दफा ४७(३) बमोजिम Voice सेवा प्रदायकको आयमा घटी गराई नोक्सानी पुर्याएको र राष्ट्रलाई प्राप्त हुने कर दस्तुर समेत नोक्सानी पुर्याएकोमा किन कारबाही नगर्ने भनि मिति २०६८/४/१२, च. नं. १९१ को पत्र मार्फत स्पष्टिकरण पेश गर्न पत्राचार गरिएको |

७. GISPL बाट प्राधिकरणको मिति २०६८/४/१२, को च. नं. १९० को पत्रका सम्बन्धमा जवाफ दिन सक्ने System मा काम गर्ने व्यक्तिलाई सोधपुछको लागि प्रहरी परिसर जावलाखेलमा राखेकोले हाल जवाफ उपलब्ध गराउन नसकेको भनि मिति २०६८/४/१४ को पत्र मार्फत जवाफ प्राप्त भएको र प्राधिकरणको मिति २०६८/४/१२, च. नं. १९१ को पत्रका सम्बन्धमा राजश्व अनुसन्धान बिभागले मिति २०६८/४/१७ मा कोठा शिल गरेको र जवाफ दिन सक्ने उक्त कम्पनीका संचालक भोलाकिशोर डंगोल उपस्थित नहुनु भएकोले जवाफ पठाउन नसकेको कुरा जानकारी गराएको देखिन्छ |

८. प्राधिकरणले मिति २०६८/४/२० को निर्णय अनुसार "अनुमतिपत्रका शर्तहरु पालना नगरेको, प्राधिकरणका कर्मचारीलाई अनुगमन कार्यमा सहयोग नगरेको र ऐनको दफा २८(२) बमोजिम सुधारका लागि दिएको आदेशको अवज्ञा गरेकाले दूरसंचार ऐन २०५३ को दफा २८ को उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज किन नगर्ने भनि दूरसंचार ऐन, २०५३ को दफा २८ को उपदफा (४) बमोजिम ७ दिनको म्याद दिई स्पष्टिकरण माग गर्ने र स्पष्टिकरण पेश हुन आएपछि वा पेश नभएमा स्पष्टिकरण पेश गर्ने म्याद

नाघेपछि ऐनको दफा ४७ को उपदफा(१) र (२) बमोजिम गरिने कारबाही र दफा ४७(३) बमोजिम उक्त प्रा. लि. को उपरोक्त कार्यबाट दूरसंचार सेवा प्रदायकलाई पुऱ्याएको हानि नोक्सानीको बिगो मूल्याङ्कन गरी पेश गर्न लगाउने" गरी पत्राचार गरेको देखिन्छ | सो निर्णयानुसार प्राधिकरणबाट मिति २०६८/५/९ च. नं. ५७० मा GISPL लाई स्पष्टिकरण पेश गर्न र मिति २०६८/५/९ च. नं. ५७२ मा बिगो दाबीको पुन: मूल्याङ्कनको लागि नेपाल दूरसंचार कम्पनि लिमिटेडलाई पत्राचार गरिएकोमा कुनै पनि जवाफ प्राप्त नभई पुन:ताकेता पत्र पठाउदा नेपाल दूरसंचार कम्पनि लिमिटेडले मिति २०६८/७/७ च. नं. ३८८/२१९९ मा बिगोको पुन:मूल्याङ्कनको सम्बन्धमा त्यस कम्पनीबाट मिति २०६८/४/११, च. नं. ४८ को पत्र मार्फत उक्त कार्यबाट दूरसंचार सेवा प्रदायकलाई रु. ९३,२५,१२,०००/- र सो को २५% ले हुने रकम रु. २३,३१,२८,०००/- नेपाल सरकारलाई नोक्सानी भएको भनि खुलाई पठाई सकेको भन्ने जवाफ प्राप्त भएको देखिन्छ |

९. प्राधिकरणबाट मिति २०६८/४/१२, च. नं. १९१ मा सोधिएको स्पष्टिकरणको स्पष्ट जवाफको लागि पुन:मिति २०६८/७/६, च. नं. ११२४ र मिति २०६८/७/२२ च. नं. १२३१ मा माग गर्दा GISPL बाट "कम्पनी कुनै Call Bypass मा संलग्न छैन र यस कम्पनी सँग Call Bypass गर्ने कुनै उपकरण पनि छैन ..... यदी कम्पनीको जानकारी बेगर कसैले Internet लाई Call Bypass मा प्रयोग गर्छ भने कम्पनीलाई गैरकानूनी ठहराउन मिल्दैन" भन्ने बेहोराको स्पस्टिकरण मिति २०६८/७/२७ मा पेश हुन आएको देखिन्छ |

१०. प्राधिकरणबाट मिति २०६८/१०/१७ च. नं. २०९३ मा नेपाल दूरसंचार कम्पनि लिमिटेडलाई बिगो कायम गर्दा प्रयोग गरिएको भनिएको प्रमाण (मुचुल्का वा अरु कुनै ) खुलाई पठाई दिन हुन भनि ५ दिनको म्याद दिई पत्राचार गरिएकोमा कुनै जवाफ प्राप्त हुन आएको देखिएन |

११. प्राधिकरणबाट मिति २०६८/१०/२०, च. नं. २१४३ मा राजश्व अनुसन्धान बिभाग, हरिहर भवन ललितपुरलाई GISPL ले कल बाईपास गरी दूरसंचार कम्पनि र नेपाल सरकारलाई के कति हानी नोक्सानी पुर्याएको छ सो सम्बन्धमा तहाँबाट निर्धारण गरिएको बिगो खुलाई पठाई दिनहुन पत्राचार गरिएकोमा मिति २०६८/११/१६ च. नं. २१४४ मा दूरसंचार सेवा प्रदायक कम्पनीहरुलाई हानी पुर्याएको तथा VOIP अन्तर्गतको आय रु : २,९१,७२,६४,००० र कायम गरिएको बिगो रु: ८५,३०,८०,६३५ रहेको भनि लेखि आएको देखिन्छ | यस सम्बन्धमा प्राधिकरणबाट मिति २०६९/१/१० मा उक्त कायम गरिएको VOIP अन्तर्गतको आय र कर बिगो रकम निर्धारण गरिएको आधार र प्रमाणहरु खुल्ने विवरणहरु यथाशिघ्र पठाई प्राधिकरणबाट गरिने कारबाही प्रक्रियामा सहयोग गरी दिनुहुन पत्राचार गरिएकोमा राजश्व अनुसन्धान बिभागबाट जवाफ प्राप्त भएको देखिदैन |

१२. यसरि उक्त VOIP Call Bypass कार्यबाट दूरसंचार सेवा प्रदायक र नेपाल सरकारलाई पर्न गएको हानी नोक्सानीको सम्बन्धमा विभिन्न निकायबाट लिएको दाबी एबं मुल्यांकन के छ भनि हेर्दा निम्न बमोजिमको भिन्न भिन्न हानीनोक्सानी मुल्यांकन गरेको देखिन्छ |

निम्न:

| | |
|---|---|
| प्राधिकरणको कार्यटोलिले मुल्यांकन गरेको बिगो | रु: ६,९६,२०,०५६ /- |

| | |
|---|---|
| राजश्व अनुसन्धान बिभागले कायम गरेको बिगो | दूरसंचार सेवा प्रदायक कम्पनीहरुलाई हानी पुर्याएको तथा VOIP अन्तर्गतको आय रु : २,९१,७२,६४,००० /- र कायम गरिएको बिगो रु: ८५,३०,८०,६३५/- |
| नेपाल दूरसंचार कम्पनि लि. ले दाबी गरेको बिगो | दूरसंचार सेवा प्रदायकलाई रु. ९३,२५,१२,००० /-<br>र नेपाल सरकारलाई हानी भएको सो को २५% रकम रु. २३,३१,२८,०००/- |

## नेपाल दुरसंचार प्राधिकरणको ठहर

१३. ग्लोबल इन्टरनेट सर्भिस प्रा.लि. (GISPL) ले Voice Over Internet Protocol (VOIP) Call Bypass गरेको भन्ने सम्बन्धमा उक्त VOIP Call Bypass मा प्रयोग भएका Server हरुको प्राधिकरणले नेपाल दूरसंचार कम्पनि लिमिटेड, Internet Service Provider Association of Nepal (ISPAN) र Crime Investigation Buro (CIB) समेतका प्रतिनिधिहरुको सहभागितामा अध्ययन अनुसन्धान गराई प्राप्त भएको प्राबिधिक प्रतिबेदन, बिगो मुल्याँकनको लागि गठन गरीएको कार्यटोलिको प्रतिबेदन, विभिन्न संघ सस्थाहरुबाट प्राप्त चिठीपत्र, अनुसन्धानका क्रममा सोधिएको स्पष्टिकरणको जवाफ साथै विभिन्न शाखाहरुबाट प्राप्त राय सुझाबहरु लगाएतका प्राप्त कागजातहरु र स्थलगत निरिक्षण गर्दा बरामद भएका बरामदी मुचुल्कामा उल्लेख गरीएका उपकरण र त्यस्तो उपकरणको परिक्षण गर्दा Voice Over Internet Protocol (VOIP) Call Bypass गर्ने उपकरण रहेको, ग्राहक संख्याको अनुपातमा भन्दा अत्यधिक बढी ७५ Mbps को Link लिएको समेतका आधारमा अध्ययन गर्दा ग्लोबल इन्टरनेट सर्भिसेस प्रा. लि. ले VOIP प्रविधिको प्रयोग गरि अन्तराष्ट्रिय आगमन Call Bypass संचालन गरेको देखियो ।

१४. GISPL ले VOIP Call Bypass गरि पुर्याएको हानी नोक्सानीका सम्बन्धमा प्राप्त हुन आएका फरक फरक रकमहरुका लागि तथ्य प्रमाणहरु खुल्ने विवरणहरु प्राप्त गर्न नेपाल दुरसंचार कम्पनि लि. र राजस्व अनुसन्धान बिभाग हरिहर भवन ललितपुरलाई पत्राचार गर्दा आधार तथा प्रमाणहरु खुल्ने विवरणहरु प्राप्त हुन आएको देखिदैन । प्राधिकरणबाट गठित कार्यटोलीको प्रतिबेदनमा उल्लेखित Machine नं ९८.२५४ को IP Address भएको सर्भरमा भएको Call Bypass को रेकर्ड छुट्न गएको पाईएकोले उक्त बिबरण समेत पूर्ण नदेखिएको हुँदा प्राधिकरणलाई प्राप्त हुन आएका सर्बरहरुको अध्ययन अनुसन्धानबाट प्राप्त विवरणहरुलाई नै वास्तविक Call Bypass बाट GISPL ले आय आर्जन गरेको मान्नु पर्ने देखियो । तसर्थ प्राधिकरणमा प्राप्त हुन आएका सर्बरहरुको अध्ययन अनुसन्धान एबं प्राबिधिक प्रतिबेदन अनुसार ३ वोटा सर्बरहरुबाट ४४,३९,२५१; २,७८,६१७ र ४०,५८,१५० मिनेट Call Termination गरेको देखिएको र बाँकी ५ वोटा सर्बरहरुबाट कति Call Termination गरेको भन्ने कुरा बिस्तृत रुपमा एकिन हुन नसकेको परिप्रेक्षमा ३ वोटा सर्बरहरुको जम्मा Call Termination Minutes = (४४,३९,२५१ + २,७८,६१७ + ४०,५८,१५०) = ८७,७६,०१८ मिनेट भएको र यस अनुसार औसतमा १ सर्बरबाट २९,२५,३३९.३३ x ५ मिनेट Call Termination भएको आधारमा बाँकी ५ वोटा सर्बरहरुबाट १,४६,२६,६९६.६५ मिनेट Call Termination भएको मान्नु

न्यायोचित र बिबेक सम्मत देखिन्छ | यसरि ८ वोटा सर्बरहरुबाट जम्मा २,३४,०२,७१४.६४ मिनेट Call Termination भएको र बिदेशबाट नेपालमा प्राप्त हुने Call मा प्रतिमिनेट रु. ८ रुपियाँ पाइरहेको औसत दरलाई प्रतिमिनेट रु. ८ का दरले हिसाब गर्दा जम्मा रु. १८,७२,२१,७१७.३३/- बराबरको हानी नोक्सानी भएको मान्नु पर्ने हुन आयो | माथि उल्लेखित कार्यबाट GISPL ले VOIP प्रविधिको प्रयोग गरि अन्तराष्ट्रिय आगमन Call Bypass गरेको देखिएकोले दूरसंचार ऐनको दफा ४७ को उपदफा (३) बमोजिम उक्त प्रा. लि. ले उपरोक्त VOIP Call Bypass संचालन गरी दुरसंचार सेवाको दुरुपयोग गरी रु. १८,७२,२१,७१७|३३ (अठार करोड बहत्तर लाख एकाइस हजार सात सय सत्र रुपैयाँ तेत्तिस पैसा मात्र) आय आर्जन गरेको देखिएकोले उक्त रकम रु. १८,७२,२१,७१७|३३ (अठार करोड बहत्तर लाख एकाइस हजार सात सय सत्र रुपैयाँ तेत्तिस पैसा मात्र) नै बिगो कायम हुने देखिन्छ । यसरी बिगो कायम हुने ठहरिएकोले ऐनको दफा ४७ को उपदफा (३) बमोजिम उक्त बिगो रु. १८,७२,२१,७१७|३३ (अठार करोड बहत्तर लाख एकाइस हजार सात सय सत्र रुपैयाँ तेत्तिस पैसा मात्र) असुल गर्ने र सो बिगो बमोजिमको रकम जरिवाना रु. १८,७२,२१,७१७|३३ (अठार करोड बहत्तर लाख एकाइस हजार सात सय सत्र रुपैयाँ तेत्तिस पैसा मात्र) समेत जरिवाना हुने ठहर्छ ।

१५. Global Internet Services Pvt. Ltd. (GISPL) ले अनुमतिपत्रका शर्तहरु पालना नगरेको, प्राधिकरणका कर्मचारीलाई अनुगमन कार्यमा सहयोग नगरेको र ऐनको दफा २८(२) बमोजिम सुधारका लागि दिएको आदेशको अवज्ञा गरेकाले दूरसंचार ऐन २०५३, को दफा २८ को उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज किन नगर्ने भनि दूरसंचार ऐन, २०५३ को दफा २८ को उपदफा (४) बमोजिम ७ दिनको म्याद दिई स्पष्टिकरण माग गरिएकोमा प्राप्त स्पष्टिकरण चित्तबुझ्दो नभएकोले सो कम्पनिलाई यस प्राधिकरणबाट जारी भएको इन्टरनेट (ई-मेल) सेवाको अनुमतिपत्र दुरसंचार ऐन, २०५३ को दफा २८ बमोजिम खारेज हुने ठहर्छ ।

१६. दुरसंचार कम्पनी लिमिटेडले दुरसंचार सेवा प्रदायकहरुलाई ९३,२५,१२०००/- र नेपाल सरकारलाई रु. २३,३१,२८०००/- नोक्सानी भएको हुँदा सो रकम भराई पाउँ भन्ने दाबी गरेको तर्फ हेर्दा निबेदक नेपाल दुरसंचार कम्पनी लिमिटेडले २०६८/०४/११ को पत्रमा नेपाल दुरसंचार कम्पनी लि. को के कति सिमबाट के कति सम्म Call Bypass गरी नोक्सानी पुर्याएको भन्न सकेको देखिएन | उक्त पत्रमा "Call Bypass कार्यमा प्रयोग भएको पाइएका विभिन्न सिमकार्डहरु मध्ये Ncell को मोबाइल नम्बर ९८०५४२२७२७ मिति २०६७ असार १६ (२०१० जुन ३०) देखि प्रयोग भएको" भन्ने उल्लेख गरेको साथै निवेदकको निबेदन दाबीमा "दुरसंचार सेवा प्रदायकहरुलाई" नोक्सानी भएको भनि दाबी गरे पनि कुन कुन कम्पनीको के कति नोक्सानी भएको र आफ्नो कम्पनीलाई पुग्न गएको नोक्सानीको ठोस आधार उल्लेख गरी प्रस्ट खुलाउन नसकेको केवल एनसेलका बरामदी सिम कार्डको सम्बन्धमा उल्लेख गरेको र Ncell को उक्त बिषयमा कुनै दाबी रहेको नदेखिएकोले कुन कुन सेवा प्रदायकलाई के कति हानी नोक्सानी भयो भनि युक्ति युक्त विवरण पेश गर्न नसकेको र "एक E1 ले प्रति महिना ४,५०,०००/- मिनेट Call Holding गर्न सक्छ" भन्ने जस्ता अमुर्त दाबी गरेको पाइएकोले अनुमानको भरमा दाबी गरे जति नै निवेदकलाई क्षति भएको भनि

मात्र उपयुक्त नदेखिएकोले नेपाल दुरसंचार कम्पनी लि. को सो हद सम्मको दाबी पुग्न सक्ने देखिदैन ।

**तपशिल**

१. माथि लेखिए बमोजिम GISPL लाई दूरसञ्चार ऐन, २०५३ को दफा ४७(३) बमोजिम विगो रु. १८,७२,२१,७१७.३३।- र सोहि बराबरको जरीवाना रु. १८,७२,२१,७१७.३३।- गरी जम्मा ३७,४४,४३,४३४.६६।- असुल गर्नु र विगो एवं जरीवाना असूलीका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।
२. अनुमतिपत्र खारेज भएकाले अनुमतिपत्र खारेजी गरीएको सूचना सार्वजनिक गर्न र GISPL को ग्राहकले आफू ग्राहक बनेको प्रमाण देखाई इन्टरनेट सेवा माग गर्न आएमा जडान खर्च निःशुल्क गरी सेवा उपलब्ध गराउने व्यवस्था गर्न ISPAN लाई पत्राचार गर्ने ।
३. उक्त GISPL ले सेवा संचालन गर्दा प्रयोग गरेको उपकरणहरु प्राधिकरणमा दाखिला गर्न लगाउनु ।
४. यस निर्णयमा चित्त नबुझेमा दूरसञ्चार ऐन, २०५३ को दफा ४८ बमोजिम पुनरावेदन गर्न पुनरावेदनको म्याद दिनु ।
५. सरोकारवालाले यो निर्णयको प्रतिलिपि माग्न आए नियमानुसारको दस्तुर लिई प्रतिलिपि दिनु ।

**भेषराज कणेल**
**अध्यक्ष**

**उक्त निर्णयमा सहमत छौ ।**

| तुलसी भट्ट | गिरीन्द्रराज अधिकारी, | महेश प्रसाद अधिकारी, | अनिल ढुङ्गेल, |
| --- | --- | --- | --- |
| सदस्य | सदस्य | सदस्य | सदस्य |

रजिष्ट्रार, (उप-निर्देशक, कानून) कैलाश प्रसाद न्यौपाने ।

ईति सम्वत २०६९ साल असार २२ गते रोज ६ शुभम् ।